# उत्तरवर्ती कवितामा प्रगतिवाद

**❋डा. मधुसूदन गिरी**

**girims18@gmail.com**

**पृष्ठभूमि**

'पण्डितो पण्डितं दृष्ट्वा स्वानवत् ...' पनि सायद ऐतिहासिक द्वन्द्वकै शृङ्खला हो । नेपाली साहित्य र अझै कविता विधाको इतिहास बारेका मतमतान्तरहरूको अझै समाधान हुन सकेको छैन। यसको मूल कारण कुनै कालको समग्रतालाई एउटै कुलेसोमा डोऱ्याउने धृष्टता गर्दा हुन गएको अन्योल नै हो । यसका निमित्त इतिहास भनेको त्यसकालमा चलेका सबै धारा, उपधारा तथा प्रमुख, गौण सम्पूर्णको समग्रता हो र निरन्तरता हो भन्ने भन्ने भन्ने टी.एस. इलियटको 'परम्परा र व्यक्ति प्रतिभा' सिद्धान्त अथवा भनौं द्वन्द्वात्मक भौतिकवादको कुनै पनि कुरालाई समग्रतामा हेर्ने दृष्टिका आधारमा हेर्नु आवश्यक छ। आजसम्म नेपाली साहित्य र यसका विधा उपविधाहरूको इतिहासलाई प्राथमिक, माध्यमिक र आधुनिक कालमा विभाजन गर्ने गरिएको छ। यो चिन्तन वर्गभेदमूलक सामन्ति संस्कृति र परम्पराद्वारा अनुप्राणित भएर बसालिएको देखिन्छ। अतः आजको साहित्य, संस्कृति र समग्र समाजकै इतिहास नयाँ ढङ्गले लेख्नुपर्ने आवश्यकता छ, जसले गर्दा इतिहास लेख आग्रह, पूर्वाग्रहविहिन, भेदभावविहिन वस्तुगत, वैज्ञानिक भई विवाद समाप्त हुने देखिन्छ। यसरी हेर्दा नेपाली कविताको इतिहासलाई निम्नलिखित किसिमले विभाजन गर्नु उपयुक्त हुन्छ :

१. पृष्ठभूमिकालीन लोकधारा

२.परिष्कारवादी / शास्त्रीयतावादी सनातन धारा

(क) वीरधारा
(ख) भक्तिधारा
(ग) सामाजिकतावादी धारा

३. स्वच्छन्दतावादी धारा

(क) पृष्ठभूमि : शृङ्गारिक धारा स्वच्छन्दतावादी धाराको विकासको कारण युरोपेली रोमान्टीसिज्म मात्र होइन आफ्नै आन्तरिक कारण मुख्य हो भन्ने अवधारणमा आधारित हुने )
(ख) देवकोटेली /देवकोटाकालीन स्वच्छन्दतावाद
(ग) क्रान्तिकारी स्वच्छन्दतावाद

४. प्रगतिवादी /यथार्थवादी धारा

५. अस्तित्ववादी/ विसङ्गतिवादी धारा (प्रयोगवादी तथा आयामेली धारा)

नेपाली कवितामा देखिएका मूल प्रवृत्ति र धारा यिनै हुन् । यिनै प्रवृत्ति र धारालाई आरम्भदेखि खोज्दै तिनका समग्रताको खोजी गर्नु आजको आजको आवश्यकता हुन गएको छ। जस्तो प्रगतिवादी लेखनका इतिहासको चर्चा गर्दा पनि वि.सं. २००६-९ सालपूर्वको लेखनलाई पृष्ठभूमिका रूपमा प्रगतिशील धारामा त्यसपछिको लेखनलाई प्रगतीशील र प्रगतिवादी धारामा विभाजन गरी हेर्दा अझ बढी स्पष्ट हुने देखिन्छ। प्रगतिवाद, प्रगतिवादी प्रगतिशील जस्ता शब्द पनि स्थूल भएकाले तिनलाई पनि सूक्ष्मता र स्पष्टता दिई अन्योल समाप्त गर्न क्रान्तिकारी स्वच्छन्दतावाद, सक्रिय स्वच्छन्दतावाद, निस्क्रिय स्वच्छन्दतावाद र यथार्थवादका सामाजिक आलोचनात्मक, समाजवादी आदि विभिन्न भेदमा विभाजन गरी हेर्नु आवश्यक

**❋ लेखक त्रिभुवन विश्वविद्यालयअन्तर्गत त्रिचन्द्र बहुमुखी क्याम्पसमा सहप्राध्यापकका रूपमा कार्यरत हुनुहुन्छ।**

छ। यसरी हेर्दा देवकोटाकै लेखन र लेखनकाललाई स्वच्छन्दतावादी र स्वच्छन्दतावादी प्रगतिवादी भनिरहनु आवश्यक पर्दैन। नत रिमालसम्बन्धि समीक्षकहरूमा देखिने स्पष्टता नै बाँकी रहन्छ। यस सानो लेखमा यी सबै कुराको चर्चा, स्थापना र व्याख्या, विश्लेषण सम्भव नभएकाले यसमा केवल आजको समकालीन (वि.सं.२०४६ देखियता) भन्ने गरिएको नेपाली कविताको उत्तरार्द्ध (वि.सं.२०५२ यताको ) का कवितामा मुखरित प्रगतिवादी प्रमुख स्वरको चर्चा गर्ने प्रयत्न गरिएको छ।

यसरी हेर्दा आजको समकालीन युगको पूर्वाद्ध -वि.सं.२०४६ -२०५२ का कविताका प्रवृत्तिहरूको मोटामोटी चर्चा मात्र गर्ने प्रयत्न यहाँ गरिएको छ। यस अवधिका नेपाली कविताका मूल प्रवृत्ति र त्यसका आधारमा गरिएको मूल्याङ्कनबारे आफ्नै शब्दहरूलाई सापटी लिएर कुरा गर्दा नेपाली कविताको प्रयोगवाद कालपछिको अवधिको नेतृत्व व्यष्टि रूपमा कुनै एक वा दुई व्यक्तिले नगरेको भए तापनि प्रवृत्तिगत स्तरमा यस अवधिको नेतृत्व यथार्थवादी प्रवृत्तिले गरेको छ। यस अवधिका मार्क्सवादी, मार्क्सवादेतर प्रजातन्त्रवादी सबैजसोले तत्कालीन यथार्थलाइ नै अभिव्यञ्जित गरेका छन्। सङ्ख्यात्मक र गुणात्मक सबै हिसाबले यस कालका सर्वोत्कृष्ट कविता यथार्थवादी कविता नै देखिन्छन्। अतः यस अवधिको मूल धारा पनि यथार्थवादी धारा नै हो, यसैले यसकाललाई यथार्थवादी काल र यस चरणलाई यथार्थवादी धाराको चरण भन्नु उपयुक्त हुन्छ (गिरी , २०४९, पृ.१४)

वि.सं.२०३० पछिको समकालीन भनिने सिगो नेपाली कविताको मूल प्रपृत्ति पनि यथार्थवादी नै देखिन्छ। (*मसाप,* २०५३, पृ. ७२) उक्त सामाजिक अभीष्ट प्राप्तिको निम्ति समाजमा अवशिष्ट सडेगलेका पुरातन मूल्यमान्यता र विश्वासहरू, परम्परा र प्रचलनहरू, शोषण, अन्याय, अत्याचार र तिनका कारक गरीवी, अशिक्षा, पछौटेपन जस्ता विविध विकृति विसङ्गतिहरूको सामाजिक फोटोकपी गरेर जनता सामु प्रस्तुत गर्न यथार्थवादी प्रवृत्तिको थालनी भयो। यथार्थको वस्तुपरक अङ्कनले मात्र सन्तुष्ट नभएर केही आलोचनात्मक दृष्टिकोण समेत केहिबाट प्रस्तुत हुन थाल्यो (*गिरी* ,२०४९, पृ.८९) यसै अवधिका कवि मिनबहादुर विष्टको 'पाठशाला' शीर्षक कविताको विश्लेषण गर्दै लेखिएको छ, .... व्यङ्ग्यात्मक शब्दचित्र पनि भएकाले यसलाई आलोचनात्मक यथार्थवादको खाँटी नमूना भन्न सकिन्छ (*गिरी,* २०४९,पृ. ९१)

वि.सं. २०४६ पूर्वको मात्र होइन त्यसपछिका नेपाली कविताको मूल प्रवृत्तिका बारेमा पनि त्यसरी नै चर्चा गरिएको छ, यतिबेला पनि नेपाली कविताको मूलधार भने यथार्थवादी नै रहेको देखिन्छ। प्रजातन्त्र पुनस्थापनाको सुरुसुरुतिर प्रजातन्त्रप्रति आस्थाबद्ध कविहरूको सामाजिक परिवर्तनको लक्ष्य र दायित्वपूर्ण भएकाले केही अलमलिएको, केही शील्पसौन्दर्यको पुनर्प्राप्तितिर झुकेको देखिन्छ भने केहि पुनर्स्थापित प्रजातन्त्रको स्थिरता, निर्माण तथा तत्पश्चात पनि प्रस्तुत प्रजातन्त्रको विकल्प र सामाजिक स्वरूपको सूक्ष्म परिवर्तनतर्फ ढल्कनेहरूका विपक्षमा उभिएको देखिन्छ। (*गिरी,* २०५७, पृ. १५)।

वि.सं. २०४६ पछिका कविताका प्रवृत्तिका सन्दर्भमा यसपूर्वकै प्रस्तुतिलाई शब्दान्तरमा पुनरुक्त गर्दा एकथरी चिन्तनमा आधारित कविका कविता सामाजिक गतिको लक्ष्यान्तमा पुगेको अनुभवले आरम्भमा विषय नपाएर केहि अल्मलिएका जस्ता देखिन्छन् भने पछि गएर तिनीहरूतर्फ अन्तर्वस्तुमा निर्माण एवं नितान्त वैयक्तिक अनुभवको अभिव्यक्तिमा केन्द्रित भएका देखिन्छन्। ती कतिपय शिल्पसौन्दर्यको सिर्जनामा पनि त्यतिकै लागिपरेका देखिन्छन्। प्रजातन्त्रका पक्षधर यी रूपवादी कविहरूका अतिरिक्त जनताको बहुदलीय जनवादी सामाजिक नवमार्गमा विश्वास गर्ने कविहरूको एउटा ठूलो कित्ता छ जो २०४६ पूर्व निकै शक्तिका साथ आइरहेको थियो। त्यो त्यसपछि आएर सामाजिक परिवर्तनको दिशा र लक्ष्यका सन्दर्भमा केहि अल्मलिने वा अल्मलिएको स्थितिमा देखिन्छ किनकि जबजको सामाजिक राजनीतिक मार्गको अन्वेषण वा स्थापना र त्यसको अभ्यास भइरहेका भए पनि यस प्रकारको नयाँ दर्शन, चिन्तन, सामाजिक मार्गको व्याख्या, विवेचना पर्याप्त मात्रामा हुन नसकेको र त्यसको कलासाहित्यिक मार्ग एवं लक्ष्य अर्थात् सांस्कृतिक पाटो पनि स्पष्ट हुन नसकिरहेकाले कलासाहित्यका क्षेत्रमा आफ्नो अलग्गै पहिचान दिन नसकेको देखिन्छ। फलतः कवि लेखक एवं कलाकारहरू धेरै हदसम्म अन्यौलमा परेका देखिन्छन् र तिनले यथास्थिति र त्यसले सिर्जना गरेका विकृति विसङ्गतिको आलोचनात्मक यथार्थवादी ढङ्गले विरोध गर्नु मै प्रायले आफूलाई सीमित राखेका देखिन्छन्।

त्यसो त यस कित्ताका कविहरू अझैपनि सङ्ख्या र शक्तिका दृष्टिले अग्रणी नै देखिन्छन् । यी मात्र नभएर अरू पनि थुप्रै कवि लेखकहरूले यतिबेला सामाजिक, राजनीतिक, विकृति, विसङ्गति र स्वेच्छाचारिताको घोर विरोध गरेका छन् । देश र जनताका नाममा सपथ खाएर देश र जनतालाई नै धोका दिएर विश्वासघात गरी पद, पैसा र पैसाका निमित्त एउटी निच वेश्याका स्तरभन्दा पनि तल गिर्ने तथाकथित जनप्रतिनिधि नेता, सांसद र मन्त्रीहरूका लुट र बेइमानीलाई कतिपय कवि लेखकले इमान्दारिता र निर्भिकतापूर्वक उद्‌ङ्ग्याएका छन् । जस्तो कि चङ्की श्रेष्ठ लेख्छन् ः

त्यो युवतीलाई भेटेपछि
मलाई बोध भयो
यो देशमा
प्रजातन्त्रको भाषणभन्दा सुन्दर वृत्ति
वेश्यावृत्ति हो । (मूल्याङ्कन -१२४,पृ. ०६१ )

देश र जनताप्रति इमान्दार र वफादार जनप्रतिनिधिहरू यति कम अर्थात् यति अल्पसङ्ख्यामा रहे कि तिनको आवाजको सुनुवाई नै भएन ।

प्रजातन्त्ररूपी राजमार्ग निर्बाध रूपमा अगि बढ्न नसकेर त्यसमा सधै कृष्णभीर बाधक बनेको भाव व्यक्त गर्ने विष्णु रिजालको कविताको प्रतीक कृष्णभीर एकातिर प्रतिगमनको प्रतिक हो भने अर्कोतिर आफ्नै विकृति विसङ्गतिको पनि । जस्तो कि उनी लेख्छन् ः

उसलाई केहि निहुँ चाहिँदैन
बकुल्लाझै
सिमसिमे पानी पर्खेर बस्छ
... ... ...
कृष्णभीर जब झर्छ
हामी भोकले रन्थनिन्छौँ
प्यासले छटपटिन्छौँ
र अनुवाद हुन्छौं
गतिहीनतामा ।
(*संस्कृति*- ५ /२०६०)

यसबाहेक मार्क्सवाद, लेलिनवाद माओवादको अक्षरशः पालन गर्दे त्यसलाई वा त्यसैका सौन्दर्यशास्त्रयि चिन्तन दर्शनलाई वा मार्गलाई मूल मन्त्र बनाएर अगाडि बढ्ने पक्षको भने आफ्नै पुरानै स्पष्ट मार्ग भएकाले त्यस्ता कवि–लेखकहरू अल्मलिने स्थित कम छ र तिनीहरू प्रायः समाजवादी यथार्थवादी मार्गमा दृढतापूर्वक लागिपरेका देखिन्छन् । यिनीहरूको स्वर चर्को र आफ्नो मार्गमा स्पष्ट देखिन्छ ।

यही दार्शनिक भित्री रहेको देखिने आजका समकालीन कविताका उत्तरार्द्ध (वि.सं.२०५३ यता) को कविताहरूका स्वरको चर्चा गर्दा नेपाली सामाजिक धरातलमा भएको विचारको प्रयोगात्मक अभ्यासले नेपाली कवितामा पनि निकै ठुलो प्रभाव पारेको देखिन्छ ।वि.सं. २०५३ पूर्व वा हँसिया हथौडामा भोट माग्ने अखबारी कविता हुन् वा बर्लिनको पर्खाल ढल्दा खुसिमा कविता लेखेर मुकुटको विशेषाङ्क निकाल्ने अथवा बहुदलीय प्रजातन्त्रको स्थायित्व सुधार, एवं शान्ति र निर्माणका काममा अभिव्यक्त गर्न कविहरू एउटा कित्तामा रहेका देखिन्छन् भने वि.सं. २०५२ बाट सुरु भएको माओवादी जनयुद्धलाई सकारात्मक दृष्टिले हेर्ने कवि लेखकहरू अर्को कित्तामा देखिन्छन् ।

समग्रमा भन्नुपर्दा माओवादी जनयुद्धले सिर्जना गरेका हिंसा, हत्या र रक्तपातको स्थितिको विरोध गरी त्यसका स्थानमा शान्तिको कामना गर्ने खालका कविताहरू नै सङ्ख्यात्मक हिसाबले यस अवधिमा बढी देखिन्छन् । जस्तो कि धर्मराज बराल लेख्छन् :

विचार र आस्थाहरूको युद्धमा
चेपिंदा चेपिंदा दमित भएर
मेरो बुद्ध
मभित्रबाट भाग्न थालेको छ टाढा कतै
मानवताको लागि भनेर
मानवहरूकै रक्त क्रान्ति हुन्छ भने
मलाई त्यस्तो युद्ध चाहिँदैन
(*मधुपर्क*-३६०, २०५६)

यस्तो निरपेक्ष ढङ्गले शान्तिको कामना व्यक्त गर्ने कवि र तिनका कविताको सङ्ख्या पनि गनेर साध्य हुने गाह्रो छ ।

माओवादीहरूद्वारा जनयुद्धका क्रममा गरिएका हत्या–हिंसाको मात्र नभएर माओवादी र शान्ति सुरक्षाका नाममा माओवादीहरूले भन्दा पनि बढी राज्यले अर्थात् विचारविहीन बज्रठिँगाजस्तै बनेका सुरक्षाकर्मीहरूद्वारा गरिएको अर्थात् दुवै पक्षबाट गरिएको हत्या हिंसाको विरोध गरी शान्ति र निर्माणको कामना गर्ने यथास्थतिवादी भावको अभिव्यक्ति पनि यस कालका कवितामा त्यत्तिकै देखिन्छन् ।

कवि नवराज लम्साल आफ्नो 'लुम्बिनी' शीर्षक कवितामा बुद्ध जन्मेको पवित्र भूमिका बुद्ध र बुद्धशिष्य देवदत्तहरू रगत आहाल छादेर मारिएकोमा आहत भएर पीडा पोख्छन् :

त्यही जङ्गलमा बुद्धका देवदत्तहरू
हाँस मारिरहेछन्
शाकाहारी भोजनको थालीमा
आलो रगत ह्वास्स उमालेर
लुम्बिनी रेडियो, टि.भी.बाट प्रतक्ष्य प्रसारण गर्छ
सङ्घम शरणम् गच्छामी !!
(*आगो छोपेर कतिन्जेल*बाट )

यसै सिलसिलामा हेर्दा माओवादी जनयुद्धकर्ताहरूलाई अन्तर्राष्ट्रिय शक्ति केन्द्र र राष्ट्रियस्तरमा सरकारले समेत आतङ्कवादीको आरोप लगाएर 'रेड कर्नर नोटिस' जारी गरी तिनका नेताका टाउकाको मूल्य तोकिएको स्थितिमा यस पक्षका कवि लेखकहरू पनि यसबाट निरपेक्ष रहन सकेनन् र उनीहरूले पनि यिनीहरूलाई आतङ्ककारी नै भन्दै तिनको र तिनका कार्यको घोर भर्त्सना गरे /गराएर कविता लेखेको पाइन्छ । जस्तो कि *शब्द संयोजन*को वर्ष २ अङ्क १० पूर्णाङ्क २२-२०६२ मा प्रस्तुत जनयुद्ध गर्ने मार्क्सवाद, लेलिनवाद र माओवादी दर्शनलाई कार्यरूपमा परिणत गर्दै माओवादी जनयुद्ध गर्नेहरूलाई आतङ्ककारीभन्दा बढी नदेख्ने मणि लोहनी 'आतङ्ककारी' शीर्षक कवितामा लेख्छन्:

वा शान्ति, दिगो विकास
र वर्गहीतको रटान दिनु
बुटहरू बजार्नु बन्दुक र बम पड्काउनु
वा निहत्था निर्दोष जनतालाई
आतङ्ककारी हुनलाई मान्छेसङ्ग

कुन दक्षता हुनुपर्छ ?
एस.एल. आर.
इन्सास एम. सिक्टिन
खुकुरी, सकेटबम वा मोर्टार
आतङ्कवादी हुनलाई मान्छेसङ्ग के चाहिन्छ ?
आम जनताको विचारको दमन गर्न
आफ्नो एकोहोरो प्रशंसा खोज्नु
गाउँगाउँ जानु र गाउँलेको भीड जम्मा गर्नु
निमुखाको आम्दानी लुट्नु
छोरी चेलीलाई दुःख दिनु
वा युवाहरूको अपहरण गर्नु
आतङ्ककारी हुनलाई मान्छेले के गर्नु पर्छ ?

मौका परेको बेला प्रजातन्त्रको डिङ्ग पनि हाक्ने मौकै परेका बेला दरबारै नभए पनि दरबारको भाटगिरी गरेर ठुलाठुला कुर्सीमा बसेका प्रतिगमनका मतियारका साखुल्ले बन्ने प्रवृत्ति यस्ता कतिपयमा देखिन्छ। यी बाहेक सुरुसुरुमा खासै आउन नसके पनि पछि पछि गएर प्रस्तुत जनयुद्धलाई सकारात्मक दृष्टिले हेर्ने वा कतिपय उक्त जनयुद्धलाई सक्रिय रूपमा सघाउने अथवा सांस्कृतिक रूपमा उक्त चिन्तन दर्शनलाई अगाडि बढाउने अर्को शब्दमा सांस्कृतिक प्रतिरोध गर्ने र नेपालमा जनयुद्धको सार्थकता सिद्ध गर्ने प्रयत्नमा लागेका यस कित्ताका कवि-लेखकले त्यस्ता आरोप- प्रत्यारोपको प्रतिरोध पनि साहित्यिक कृतिकै माध्यमले गर्नै गरेको देखिन्छ। जस्तो कि आफ्नो कवितासङ्ग्रह *नयाँ समयका नयाँ मान्छेहरू*मा अशोक सुवेदी आफूलाई आतङ्ककारी भन्नेहरूबारे लेख्छन् ः

आरोप लगाउ 'आतङ्ककारीको' उसलाई
ऊ देश र जनताको लागि आतङ्क मच्चाइरहन्छ
समाऊ थुन र गोली हान
ती उदाक्त भावनाहरूलाई, उदात्त मन र तनहरूलाई
छिया छिया पार उसको शरीर
धुकधुकी रहेसम्म नारा लगाइ रहन्छ ऊ
क्रान्तिका पक्षमा, विद्रोह र मुक्तिका पक्षमा
हतियार बोकिरहन्छ लडिरहन्छ।

मणि लोहनी त आतङ्ककारी मात्र देख्छन् तर बद्री पालिखे भने राक्षसकै प्रतिक प्रयोग गर्दै लेख्छन् ः

म
यतिबेला नरबलि गरेर
कथित तान्त्रिक साधना पूरा गर्ने
दुष्ट साधुलाई
दुर्गा भवानीको पाउमा
भोग चढाएर
कविताको घनघोर जङ्गलमा
बिहानीपख / घामका पाइलाहरू पछ्याउदै
एकादेशका राजकुमार यात्रा गर्दैछु। (*मधुपर्क*-३८९, २०५८)

घरी प्रजातन्त्रवादीजस्ता पनि देखिने र प्रजातन्त्र प्राप्तिका आन्दोलनमा यदाकदा अवसर छोप्न सहभागी पनि हुने अनि यथार्थमा जनयुद्ध वा जनआन्दोलन सबैको विरोध गरेर दरबार दरबारद्वारा संरक्षित सामन्ती राज्यसत्ताकै पक्षपोषण गरी त्यसैलाई बचाउनमा धूपदीप गर्दै हिँड्ने यस्ता अवसरवादीहरूलाइ ज्ञानेन्द्र विवश जी.सी.लेख्छन् :

विश्वास गरूँ पनि कसरी ?
तिनै आवाज हुन्
हिजोका ऱ्यालीमा जय-जय गरेको
तिनै शिर हुने
उसको तस्बिरमा निहुरेर लम्पसार परेको
देश यही हो
नागरिक यिनै हुन्
आजकल /आजकल हातमा देख्छु उसको तस्बिर र
एक काँटी सलाई
जसले दहन गरिरहेछन् उसको देहको
र कुर्लिरहेछन् सडकहरूमा
मुर्दावाद, मुर्दावाद / देश छोड, देश छोड
फाँसी दे फँसी दे !
(*वेदना,* गणतन्त्र कविता विशेषाङ्क, २०६३)

प्रस्तुत जनयुद्धलाई सकारात्मक आँखाले हेर्ने र इतिहासको एक अपरिहार्य आवश्यकता ठान्ने माओवादी पक्षका कविहरू जनयुद्धकालीन हताहतीलाई युद्धकालीन अनिवार्यता ठान्छन् । गाउँका भिन्न मतका व्यक्तिले हत्यालाई सामन्तवादको सरह अर्थात् केन्द्रीय सूत्रसँग गाँसिएका जराहरू काटेको अर्थ लगाउने माओवादी पक्षका कवि अशोक सुवेदी गाउँको आजको अवस्थाबारे टिप्पणी गर्दै लेख्छन् :

तर गाउँका मान्छे जागाज्योति भएका छन्
जाली फटाहा र सामन्तका घरका भित्ताहरूमा
गिरफ्तारीका राता पुर्जा टाँसिएका छन्
सिङ्गो गाउँ कबजा गरेर लुट मच्चाइरहेका
शोषकहरूको भागाभाग भएको छ।

जनताका मान्छे हुल बाँधेर पसिना बगाउँछन् गाउँमा
र छापा मार्छन् भक्षकहरूका महलहरूमा
श्रमिकको रगतपसिनामा ठडिएका दरबारहरू
क्षणभरमै माटोमा मिलाइदिन्छ अहिले गाउँ

वास्तवमा कतिपय ऋणात्मक पक्षहरू भएपनि आज गाउँमा लीलबहादुर क्षत्रीको बसाइँ उपन्यासको पात्र धनबहादुरहरू साहुको शोषणमा परेर स्वास्नी बच्चा लिएर रित्तो हात मुग्लान लाग्ने परम्परा भने उल्टिएको छ। आज शोषक साहुहरू नै राजधानी सदरमुकाम वा मुग्लान पस्ने स्थिति सिर्जना भएको छ, तर दुवैथरी न्यायपूर्ण डगले गाउँमै बस्न सक्ने स्थितिको सिर्जना भने अझै हुन सकेको छैन।

स्थिति जस्तोसुकै र जतिसुकै कठिन भएपनि अशोक सुवेदीहरू भने सर्वहारा वर्गको राज्यसत्ता प्राप्तिको अन्तिम लक्ष्यमा पुगेरै छोड्ने आफ्नो दृढ अठोट यसरी व्यक्त गर्छन् :

जबसम्म रहन्छन् दुष्टहरूका आधार शिविर र
फासिष्टहरूको जनदमन
जबसम्म प्राप्त हुँदैन गुमेको हाम्रो राज्य सत्ता
जारिरहन्छ वर्गीय युद्ध
……
यो हाम्रो सवाल हो जीवन मरणको
र यो साझा लडाइँ हो विश्वको
तिम्रो अपराधिक हर्कत शिथिल पारेर
विश्व विजयको मधुर गीत गाउँने
श्रमिकको रगत लत्पतियको लालझण्डा छ
र झण्डाका ध्वजाहरूको नयाँ राज्यसत्तालाई स्वागत गरिसकेका छन् ।
(*नयाँ समयका नयाँ मान्छेहरू*बाट )

आज यस कित्तामा पनि थुप्रै कविहरू विचारको निकै धारिलो हतियार युक्त कविता लिएर आईरहेका छन् । कृष्ण सेन इच्छुकप्रति, ईश्वरचन्द्र ज्ञवालीको हाम्रो रातो यात्रा, गणेश भण्डारीको अन्तिम युद्ध र त्यसपछिका कविता सङ्ग्रह तथा गंगा श्रेष्ठ । मणि थापा, के.एल. पिडित र मोफसलका ….. लम्जेल, ……थापा आदि थुपै थुप्रै स्रष्टाहरू देखिन्छन् ।

आजको समकालीन युग (२०५३ पछि) को झण्डै आधा दशकपछि नेपालको सामाजिक राजनैतिक क्षेत्रमा घटित घटनाले नेपालको समाज र राजनीतिका साथै नेपाली कविताको स्वरमा पनि प्रत्यक्ष प्रभाव पारेको छ । वि.सं. २०५९ जेठ १९ गतेको दरबार हत्याकाण्डपछि फेरिएको नेपाली राजनीतिको प्रभाव नेपाली समाजमा प्रत्यक्ष क्षेत्रमा परेको छ ।

सत्ता र शक्तिका उपासक उपयोगितावादी कवि लेखकहरूको एउटा जमात् अर्थात् तिनीहरूको सत्तास्तुति धारा प्राथमिक र माध्यमिक कालमा त्यतिबेलाका शाह र राणाशासकहरूका स्तुतिमा निलिप्त भएर आफ्नो वैयक्तिक अभिष्ट साधनामा केन्द्रित हुन्थ्यो त्यो पञ्चायत कालमा गएर पञ्चायती दर्शन नै निर्माण गरेर पञ्चायती एकदलीय शासन व्यवस्थाको स्थायित्व र त्यसका सूत्रधार राजा महेन्द्र र तिनका वरपरका व्यक्तिहरूको स्तवन, सम्बर्धनमा केन्द्रित भएको थियो ।

त्यही धारा २०४६ पछि गएर पार्टी र तिनका नेताका स्तवनका साथै राष्ट्रियबाट अन्तर्राष्ट्रिय शक्तिकेन्द्रका नायक बनेका व्यक्तिकी श्रीमती देख्दै नदेखेकी हिलारी क्लिन्टनको नखशिख वर्णन, स्तवन गर्नमा प्रवृत्त भयो । यही समूहका केही भजनवीर कविहरू सत्तास्तुतिबाट पैसा स्तुति गर्दै भूपालमान सिंहको भजन गाउँदै ‘भूपाल अर्चना’ लेखेर छपाउन पुगे । दरबार र त्यहाँका शक्तिवाल पैसावालको विषयमा खोज, अन्वेषण र भजनकीर्तन फस्टायो । हुँदाहुँदा यो प्रवृत्ति यतिसम्म तल झऱ्यो कि केहि कविहरू ‘पुष्पलता’ महाकाव्यसम्म पनि लेख्न पुगे ।

वि.सं.२०४६ मा पुनर्स्थापित प्रजातन्त्रको सञ्चालनमा अल्लमलिएका र कतिपय बाटो बिराएर व्यक्तिगत स्वार्थका दलहरूमा फसेका नेताहरूलाई बिरालोले मुसालाई झैँ खेलाउदै खेलाउँदै राजा ज्ञानेन्द्रद्वारा प्रजातान्त्रिक पद्धतिलाई अपहरण गरी आफ्नो अधिनायकवादी शासन व्यवस्था लागु गरियो । यसपछि त स्तवन परम्परा झनै मौलायो । कतिपयले त युवराज पारसको जन्मोत्सवमा समेत कविता प्रतियोगिता गरी भजन स्तवनको परम्परालाई पराकाष्ठामा पुऱ्याएर भोजन भाजन गरे । यस पक्षको पक्षधरताको चिन्तन भएका अर्थात् दरबारप्रति आस्थाबद्ध कतिपय तथाकथित स्तरीय कवि लेखकहरूले यसपूर्वको दलीय पद्धतिप्रति प्रतिबद्ध भएका कारण दलीय अर्थात् प्रस्तुत संसदीय परिपाटीका विरोधमा आन्दोलन गर्ने सात पार्टी तथा विशेषतः माओवादीलाई अथवा जनआन्दोलन गरी नारा जुलुस गर्नेहरूलाई ‘बौलाहा कुकुर’ भन्दै अमर्यादित र चिन्तनहीन अप्रजातान्त्रिक प्रतिगमनकारी तल्लो स्तरको चिन्तन पनि प्रस्तुत गरेका छन् ।

जस्तो कि 'स्याङ्जाली विद्यार्थी समाज' काठमाडौंको विशेषाङ्क *आँधिखोलाको सुस्केरा* मा प्रकाशित 'बहुला कुकुरहरू'को शीर्षक कवितामा प्राज्ञ सरुभक्त यसरी लेख्छन् ।

सहरमा बहुला कुकुरहरूको बिगबिगी
बढेको छ
र म अभिसप्त छु
घरका झ्याल ढोका बन्द गरी बस्न
बौलाहा कुकुरहरू
रेबिजयुक्त र्‍याल चुहाइ रहन्छन्
सडकमा बाटाभरि /अनि
जो अगाडि परे पनि
आफ्ना तिखा दाँत गाडेर
रेविजबाट किटाणुहरू छरिहन्छन्

यसरी उहाँको सास्कृतिक धरातलमा पनि तथाकथित अन्तर्राष्ट्रिय शक्ति केन्द्रको जित एक अर्कामा गालीगलौज गरेर आत्मरति लिने शीत युद्ध प्रारम्भ भएको देखिन्छ । यसै सिलसिलामा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको निमित्त सडकमा जनआन्दोलन सुरु भइरहेका बेला पुण्य कार्की सरुभक्तलाई होइन तिनका अनन्त आस्थाका धरोहर अर्थात् मालिक राजालाई नै त्यस्तै निम्नातिनिम्न कोटिमा झार्ने शब्द सुँगुरको प्रतीकद्वारा यसरी हिर्काउँछन् ः

अरू अरूले
उहिल्यै नै इतिहासको अजायव घरमा
थन्क्याइसकेको
एउटा आदिम जनावर 'सुगुर'को कथा
लेख्न विवश छन्
कविका अभिशप्त कलम
पिउँदैन पानी यो
हाम्रो रक्त चाटेर प्यास मेटाउँछ ।

जातले सुँगुर होता पनि ऊ
आफूलाई वराह अवतार विष्णु ठानेर
आफ्नो फोहोरी खुट्टाको पानी
अरूलाई खुवाउँछ
पुरातनकालको बूढो सुँगुर
बिदा गर्ने बेला आयो
(*वेदना,* गणतन्त्र विशेषाङ्क २०६३)

दाहाल यज्ञनिधि यसरी नै निर्भिकतापूर्वक तीव्र आक्रोस पोख्दै बोक्सो नै भन्न पुग्दछन् ः

हत्यारो बुद्धिबिनाको एउटा छोरालाई देखेको घिरी
मक्किएको थुरजस्तो राजगद्दिमा छाले बोक्सो चढेको है है
छाले बोक्सोले गरेको रजाइँमा मान्छेका रगतले खोलो बगेको है है
मान्छेका रगतले रक्सी छाले बोक्साले तनतनी पिएको है है
(वेदना, गणतन्त्र कविता विशेषाङ्क २०६३

डा. बेञ्जु शर्मा भने आजको राजतन्त्रलाई प्राणहीन बुख्याँचा मात्र देख्छिन् । जस्तै :

अब बुख्याँचाको त्रासले
देश डर्दैन
अब बुख्याँचाको आशले
घर चल्दैन ।
(*वेदना* -२०६३)

नेपाली जनताले जस्तै अधिनायकवाद विरोधी प्रजातन्त्रका पक्षधर एवं माओवादी पक्षधर एवं माओवादी सबै कवि लेखकहरूले राजतन्त्रात्मक अधिनायकवादको घोर विरोध गर्दै आधा शताब्दीभन्दा पनि पूर्व धरणीधरले उरालेको गणतन्त्र गराउन गर्जी उठ्यो । छरितो र छिटो नयपाली ठिटो । बन्दै सबै सबैजसोले गणतन्त्रकै स्वर उरालेको पाइन्छ ।
यसरी राजा र राजतन्त्रको विरोधका साथै गणतन्त्रको स्थापनाका स्वरहरू यस समयका कविताको प्रमुख स्वर बन्न गएको छ । जस्तो कि कवि श्यामल लेख्छन् :

तिमी हेर सडकमा लागिरहेको छ गणतन्त्रको नारा
यही नारा हो समाचारको शीर्षक
यसले नै सबै कुरा भन्ने छ
नारा लगाउने हजारौं मानिसहरूको उत्तम अनुहार नै
शताब्दीको पहिलो र अन्तिम समाचार बन्नेछ
(साठी सालको अन्तिम संवाद, *मूल्याङ्कन*,-२२ /१२४ /०६१)

यस्तो बेलामा पनि तानाशाह र उनका भरौटेहरूका दिनचर्या कस्तो छ भन्ने चिणण गर्दै अमर गिरी लेख्छन् :

एउटा नोकरशाह
घुर्छ कुनै स्त्रीको
वक्षस्थल र नितम्ब
जाँघ र आँखामा
आँखा चिम्लेर विचार गर्छ
वात्सायनको कामसूत्र
उठाउँछ मन्त्रालयका बासी फायलहरू
र बार्गेनिङ्ग गर्छ
कुनै व्यापारीको पैसाको
(*मूल्याङ्कन* -१२४/ ०६१)

विष्णुविभु घिमिरे पनि प्रतीकात्मक रूपमा जेठ १९ को दरबार हत्याकाण्ड घटाउनेलाई नै कंशको उपाधि यसरी दिन्छन् ।

बाबु कंश चिन्न सजिलो छ
पहिले वंश सखाप पार्छ
बाँच्न हक माग्नेलाई मार्छ
विरोधीहरू एकएकलाई घाट उतार्छ
सबै अंश हात पार्छ
अन्तिम कृष्ण औतारको जन्मप्रति घिमिरे आशावादी देखिन्छन् :
नडराउ नानी-
कंशको अन्तिम उत्पातमा
कृष्णले जन्म लिनुहुन्छ

एकदिन कंश मर्छ मर्छ ।
(वेदना, गणतन्त्र कविता विशेषाङ्क- २०६३)

राजा र राजतन्त्रलाई पुण्यप्रसाद खरेल आदि केहिले ढल्नै लागेको बुढो रुखको प्रतीकद्वारा र हरिगोविन्द लुइँटेलको रोमको राजा निरो भन्दा पनि तल्लो स्तरको प्रतीकद्वारा चित्रण गरेका छन् । त्यसैगरी मातृका पोखरेल दरबार र अभैm सत्तालाई टुकुचाको प्रतिकद्वारा अभिव्यक्त गर्छन् । प्रदिप ज्ञवाली भने भने कृष्णद्वारा टाउको काटेर लठ्ठीमा राखिएको अर्जुनपुत्र बर्बरिकका आँखाबाट हेर्दा देखेको महाभारत युद्धमा २०६२/ ०६३ को जनआन्दोलनको रूपक प्रस्तुत गर्छन् । यसैगरी माघ १९ को प्रतिगमनलाई उल्टोफर्केका किचकिन्नीका खतरनाक पाइलासँगै रूपायित गर्दै संयोगवश श्यामल जस्तै यो पंक्तिकार पनि लेख्छ :

यसैले त म भन्छु मेरो हजुर
कालो सर्पले निल्नै लागेभैँ सेतो भ्यागुतो
यो धर्तिमा रहेसम्म किचकन्नी
जून घाम
किचकन्नी ऊ सधैं उज्यालोलाई खान्छे
(किचकन्नी, *वेदना* गणतन्त्र कविता विशेषाङ्क -२०६३)

आजका कविताका स्वरहरू जाति, जनजातिका जाति, भाषा र स्वशासनका आवाजहरू हुन्, युगौँदेखि वञ्चित नारीका अधिकार र समानता आवाजहरू पनि हुन र दलितहरूका उपेक्षा र तिरस्कारका पीडाका आवाज पनि हुन्, नागरिकता समस्याले पीडित मधेसीका आवाज हुन र हुन अरू पनि थुप्रै थुप्रैका थुप्रैथुप्रै आवाजहरू । यी मध्य दलितका आवाजको प्रतिनिधि आहुतिको कविता 'घाइते वार्डको प्रश्न' ले गरेको छ । बाह्र वर्षको प्रजातान्त्रिक नाटकको रिहर्सल गर्नै नेतृत्वसंग प्रश्न छ :

हाम्रा आँखाहरूबीच एउटा मौन प्रश्न बल्भिरहेछ
रगतले आज सडकमा बनाएको ऐनामा
तिम्रो बाह्र वर्षको बोसोयुक्त अनुहार कस्तो देखियो हँ ?
.....
दाँयातिरको शैयामा टाँकाले टाउको टालेको बेहोस छ दलित
बाँयातिर ढलेको छ खुट्टा भाँचिएको छ जनजाति
सामुन्नेको शैयामा लम्पसार छे आँखा फुटाइएकी नारी
शैया नपुगेर भूँइमा छट्पटाइरहेछ एक मधेशी
यो वार्डभरि इतिहासको सडक ऐया र आत्थामा गुञ्जिरहेछ
भित्तामा भुण्डिरहेछ रक्तमुछेल मान चित्रमा पीडाग्रस्त देशको चित्र
आज साँझ तिमी र ममाझ
अजम्र मौन प्रश्नहरू उत्तर खोजेर छटपटाइरहेछन्
प्रश्न र उत्तरहरूको खाडलमा मेरो अन्तिम प्रश्न तड्पिरहेछ
रगतको रातो भोलले लेखिने
अग्रगमनको पुस्तकको खोलमा
साँच्चै यो घाइते वार्डको
नयाँ जीवनको भविष्यको भूगोल कस्तो हुनेछ ?
मूल्याङ्कन -२२/१२० /२०६१

यति मात्र होइन, गणतन्त्र प्राप्तिका निमित्तको जनआन्दोलनमा जेठ १९को दरबार हत्याकाण्डका सम्भावित मतियार ठानिएका कतिपय पक्षसहित आज विश्वमा प्रत्येक देशको राजनीतिमा प्रत्यक्ष हस्तक्षेप गर्दै र आफ्नो अनुकूल नभएमा आतङ्क र ध्वंस मच्चाएर त्यसैलाई प्रजातन्त्रको रक्षाको नाम दिँदै आएको अमेरिकाले समेत राजा र राजतन्त्रको संरक्षण दिइरहेको स्थितिको चित्रण विक्रम सुब्बाले 'गणतन्त्रको खेती'मा यसरी गरेका छन् जुन शक्ति आजको नेपालको समस्या समाधानका निमित्त सबैभन्दा ठुलो बाधक बनेको छ। उनी लेख्छन् :

फाली अड्काउने दरबारहरूलाई जोत्दै जाँदैछन्
अमेरिकन र भारतीय ग्र्यान्ड डिजाइनका
रोडम्यापका काला नियत जोत्दै जाँदै छन्
जोतेको सियो र खनेका चपरीमा
आफ्ना रगतको ताजा बिउ हाल्दै
(वेदना, गणतन्त्र कविता विशेषाङ्क-२०६३)

यसरी आजका नेपाली कविताहरूमा राजा र राजतन्त्रको विरोध तथा गणतन्त्रको प्राप्ति मूल स्वर बनेर आएको देखिन्छ भने त्यसैसँग जोडिएर जाति, जनजाति नारी, दलित आदिका समस्या पनि आएका छन्। अनि २०६३ को जनआन्दोलनको आंशिक सफलतापछि यसबाट प्राप्त अधिकारको रक्षा र संस्थागत गर्ने यसका मार्गमा आउने बाधाविरोधप्रति प्रहार गर्ने प्रवृत्ति पनि फाट्टफुट्ट देखा पर्न थालेको छ। मोदनाथ प्रश्रित, विमल निभा, पूर्णविराम, अमर गिरी, रामचन्द्र भट्टराई, स्व. विनय रावल, कुन्ता शर्मा, विष्णुविभु घिमिरे, प्रदिप ज्ञवाली, अनिल पौडेल, मातृका पोखरेल, नारायण ढकाल, जगदिशचन्द्र भण्डारी, हरिगोविन्द लुइँटेल, राम विनय, मित्रलाल पंज्ञानी, मञ्जु काँचुली, कुसुम ज्ञवाली, गोविन्द वर्तमान, लक्ष्मी माली, सुधा त्रिपाठी, चन्दा शर्मा, पुरुषोतम सुवेदी, राजकुमार के.सी., रामप्रसाद ज्ञवाली, अर्जुन पराजुली, अविनाश श्रेष्ठ, नर्मदेश्वरी सत्याल, वियोगी बुढाथोकी, राजन मुकारुङ, बलभद्र भारती, वासुदेव अधिकारी, दिल साहनी, आर.एम. डङ्गोल, लिखत पाण्डे, दुबसु क्षेत्री, झमककुमारी घिमिरे, जङ्गव चौहान, नरनाथ लुइँटेल, विवश वस्ती, विष्णु रिजाल, बूँद राना, देवी नेपाल, भूपाल राइ, महेश मास्के, जगन्नाथ खतिवडा, मोहन दुवाल, आनन्द पौडेल, ऋषिराम भुषाल, कृसु क्षेत्री, कपिल लामिछाने, चेतनाथ धमला, जगत् उपाध्याय, पदम गौतम, पूर्ण वैद्य, प्रोल्लास सिन्धुलीय, प्रमोद धिताल, बैजयन्ति मिश्र, रमेश भट्टराई, लीला उदासी आदी असङ्ख्या स्रष्टाहरूका चोटिला रचनाले यस्तो सानो लेखोट होइन एउटा ठूलो ग्रन्थ माग गर्दछन्।

**सन्दर्भ सामग्री**


गिरी, मधुसूदन ,नेपाली कविता :एक प्राक्कल्पनीय रेखाङ्कन *कुञ्जिनी* - १।१, २०४९।

..............२०५३ *मध्यपश्चिमका कविता,* काठमाडौं, मध्यपश्चिमाञ्चल साहित्य परिषद्।

...............समकालीन नेपाली कविताको रेखाङ्कन, नामाङ्कन र विम्बाङ्कन, *साहित्य अभियान* (२।२ २०४७ अभियान साहित्य प्रतिष्ठान।

भट्टराई, रमेश गणतन्त्र र नेपाली कविता *वेदना* (गणतन्त्र कविता विशेषाङ्क २०५३ ) लिद वरदान र मातृका पोखरेल।

.....................लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको भूमिका, *मधुपर्क* (९३।३।४४६,२०६३)काठमाडौं गोरखापत्र संस्थान।

सङ्गौला खगेन्द्र कवितामा गणतन्त्रको गुञ्जन *वेदना* -गणतन्त्र कविता विशेषाङ्क- २०६३।

सुवेदी अशोक (२०६२), नेपाली प्रगतिवादी कवितामा विद्रोह चेत शारदा सुवेदी 'वर्षा' र विकास आचार्य।